आज मिति २०८१ बैशाख २५ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ४७औं कार्यपालिका बैठक बस्यो।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण वहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर वहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन वहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री वलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या वहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय वहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |
| २९ | श्री अभिनाय पन्थी | अधिकृत स्तर | |
| ३० | श्री राम प्रसाद शर्मा | उप सचिव | |
| ३१ | श्री दिलमाया [illegible] | का.स. | |

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

१. लिड विद्यालय विकास अनुदान कार्यक्रम सम्वन्धमा,

देवचुली नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०/१२/३० बैठकको लिड विद्यालय विकास अनुदान कार्यक्रम सिफारिस सम्वन्धको प्रस्तावमा उल्लेख भए अनुसार गण्डकी प्रदेश सरकार, सामाजिक तथा स्वास्थ्य मन्त्रालयबाट मिति २०८०/१२/२१ गतेको प्रस्ताव अनुसार यस नगरपालिकामा पेश गरेका विद्यालयहरु मध्ये तोकिएको मापदण्डको आधारमा कार्यपालिकाबाट निर्णय अनुमोदन गर्ने गरी सिफारिस गरी पठाइएका तपसिल अनुसारका विद्यालयको सिफारिस निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री वरचुली माध्यमिक विद्यालय | देवचुली – १७ फारम |
| २. | श्री जनज्योति माध्यमिक विद्यालय | देवचुली – १५ प्रगतिनगर। |

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८१ जेठ ०१ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ४८औं कार्यपालिका बैठक बस्यो।

उपस्थिती        बैठक नं. ४८

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती मगर | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | गिता |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |

२९. श्री शिवलाल श्रेष्ठ    अधिकृत आठौं
३०. श्री अभिनाश पन्थी    अधिकृत सातौं
३१. श्री लक्ष्मी रेग्मी    का. स. [illegible]

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**४८औं कार्यपालिका बैठक (२०८१ जेठ १) छलफलका सूची:**

१) जनप्रतिनिधि र कर्मचारीको स्वास्थ्य बिमा सम्बन्धमा,
२) साईलेज उद्योग साझेदारीमा सञ्चालन गर्ने सम्बन्धमा,
३) दुम्कौली नगर अस्पतालको लागि माटो माग भई आएको विषय सम्बन्धमा,
४) फोहोरमैलाको व्यवस्थापनका लागि प्रकाशन भएको सूचना र अल्पकालिन व्यवस्थापन सम्बन्धमा,
५) विद्युत लाईन विस्तार सम्बन्धमा (ज्यालाको पैसा)
६) वडा नं. ५ मा विपन्न परिवार घर निर्माणको भुक्तानी सम्बन्धमा,
७) पुर्नवास टोलमा खानेपानी पाईपलाइन विस्तार सम्बन्धमा,
८) भूमिहिन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित बसोवासीहरुको जग्गा व्यवस्थापनको लागि नाप जाँच भएको क्षेत्र/टोलको जग्गा वर्गीकरण सम्बन्धमा
९) देवचुली उद्योग वाणिज्य संघसँग साझेदारीमा कार्यक्रम संचालन सम्बन्धमा,
१०) सामाजिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा,
११) म्याद थप सम्बन्धमा,

- १५ शैया अस्पताल निर्माण
- नगर चक्रपथ निर्माण

१२) शिक्षाको ३ वर्षे रणनीति स्वीकृत गर्ने सम्बन्धमा,
१३) आगामी दोस्रो नगरसभाको पाँचौ अधिवेशनको मिति तोक्ने सम्बन्धमा,
१४) वडा नं. १० को खेलमैदान निर्माण सम्बन्धमा,
१५) योजना निर्माण

- विपद जोखिम न्यूनीकरण
- नगर आवधिक योजना

१६) विपद् व्यवस्थापनका लागि प्रयोग गर्न सकिने खुला क्षेत्रहरुको विवरण सम्बन्धमा,
१७) सि.जी.बाट निस्कने फोहोर पानी र अगाडिको अव्यवस्थित पार्किङ सम्बन्धमा,
१८) आगामि आ.व.को बजेट सिलिङ्ग र मार्गदर्शन सम्बन्धमा,
१९) विविध

(क) जग्गा वर्गीकरण प्रतिवेदन सम्बन्धमा,

(ख) जलस्रोत समितिमा दर्ता सिफारिस भएका जल उपभोक्ता संस्था सम्बन्धमा,

(ग) आर्थीक विकास समितिले विभिन्न मितिमा गरेको निर्णय अनुमोदन सम्बन्धमा,

(घ) विभिन्न ठाउँको डुवानको सम्बन्धमा,

(ङ) वडा मर्ज सम्बन्धमा ,

(च) वास गणकको दैनिक ज्याल सम्बन्धमा ,

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

(छ) विपद् व्यवस्थापन समितिको सिफारिस बमोजिम विपद् कोषबाट बजेट खर्च, सम्बन्धमा,

(ज) निजी जग्गाबाट ढुगां माटो उत्खनन स्वीकृति सम्बन्धमा,

(झ) वडा नं १३ को बजेट कार्यान्वयन सम्बन्धमा ।

४८ औ नगर कार्यपालिका बैठक बाट देहायका निर्णयहरु सर्वसम्मत गरियो ।

१) देवचुली नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी र जनप्रतिनिधिहरूलाई अनिवार्य स्वास्थ्य बिमा गर्न निर्देशन गर्ने र स्वास्थ्य बिमा नगरेका कर्मचारी एवं जनप्रतिनिधिलाई दुम्कौली नगर अस्पतालबाट प्रदान गरिने सेवामा सहुलियत उपलब्ध नगराउने ,

२) मुख्यमन्त्री नवप्रवर्धन साझेदारी कार्यक्रम अन्तरगत वडा नं. १६ मा स्थापना भएको साईलेज उद्योग संचालनको लागि देहाय अनुसारको सम्झौतामा उल्लेखित शर्तहरूको अधिनमा रही श्री दलदले दुग्ध विकास सहकारी संस्था लिमिटेड, देवचुली १४ लाई मिति २०८१।०२।०३ गतेबाट लागु गरी दिने निर्णय गरियो ।

## अनुसूची-६

## सम्झौता पत्रको ढाँचा

देवचुली नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र सहकार्य गर्ने संस्था श्री दलदले दुग्ध बिकास सहकारी संस्था लिमिटेड, देवचुली १४ (यसपछि दोश्रो पक्ष भनिने) विच नगरपालिकाको साईलेज उद्योगलाई सहकार्यमा संचालन गर्न तपसिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपसिल

- यो सम्झौता मिति २०८१ जेठ ३ गते बाट प्रारम्भ हुनेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई उद्योग संचालनका लागि हाल मौजुदा रहेको भौतिक पूर्वाधार, सवारी साधन तथा यन्त्र उपकरणहरु उपलब्ध गराउनेछ ।
- साईलेज उद्योग संचालनका लागि हुने अन्य खर्चहरु दोस्रो पक्षले ब्यहोर्नेछ ।
- दोस्रो पक्षले समन्वय समितिको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही उद्योग संचालन गर्नुपर्नेछ ।
- दोस्रो पक्षले कृषकहरुबाट खरिद गर्ने मकैको मूल्य निर्धारण तथा बिक्री गरिने साईलेजको बिक्री मूल्य समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
- उद्योगबाट उत्पादित साईलेज बिक्री बितरण गर्दा देवचुली नगरपालिकाका कृषकहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

- उद्योगका सवारी साधन तथा मेशिनरी उपकरणहरुको नियमित मर्मत सम्भार दोस्रो पक्षले गर्नु पर्नेछ ।
- दोस्रो पक्षले उद्योगको ट्र्याक्टरलाई साईलेज उत्पादनका मकै लगायतका घाँसको ढुवानी र उत्पादित साईलेजको ढुवानी बाहेक अन्य कार्यमा प्रयोग गर्न पाउने छैन ।
- दुई पक्षबीचको उद्योग संचालन सम्झौता १ बर्षको लागि हुने छ ।प्रथम पक्षले दोस्रो पक्षको कार्यसम्पादन सन्तोषजनक लागेमा सम्झौता प्रत्येक बर्ष नबिकरण गर्न सक्नेछ ।
- प्रथम पक्षलाई दोस्रो पक्षको काम कारवाही सन्तोषजनक नलागेका बिचमै सम्झौता भङ्ग गर्न सक्नेछ ।
- दोस्रो पक्षले उद्योगका आम्दानी र खर्चका बीलहरु प्रथम पक्षको पशु सेवा शाखाका प्रमुखबाट प्रमाणित गराउनुपर्नेछ।
- दोस्रो पक्षले उद्योगको आय ब्ययलाई ब्यवस्थित गर्न अनिवार्य रुपमा सुचना प्रविधि प्रणाली सफ्टवेयर मार्फत गर्नु पर्नेछ ।
- दोस्रो पक्षले गर्ने सम्पूर्ण आर्थिक कारोवारहरु अनिवार्य रुपमा बैंकिङ प्रणाली मार्फत गर्नुपर्नेछ । यसको लागि नेपालको कुनै बाणिज्य बैंकमा साईलेज उद्योगको नाममा छुट्टै खाता खोल्नु पर्नेछ ।
- दोस्रो पक्षले हरेक महिनाको ५ गते भित्र आय व्यय विवरण तयार गरी प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।
- दोस्रो पक्षले प्रत्येक बर्ष साईलेज उद्योगको हिसावकिताव (श्रेस्ता ) राख्ने र प्रथम पक्षको आर्थिक प्रशासन शाखाबाट आन्तरिक लेखापरीक्षण गराउनुपर्नेछ।
- उद्योगबाट भएको मुनाफालाई प्रथम पक्ष र दोस्रो पक्ष बीच ५०/५० प्रतिशत हुने गरी बाँडफाँड गरिनेछ ।
- दोस्रो पक्षले साईलेज उद्योगका साथै सहकारी संस्थाको प्रत्येक बर्षको लेखापरीक्षण प्रतिवेदन अनिवार्य रुपमा प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।
- दोस्रो पक्षले साईलेज उद्योगको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्दा अनिवार्य रुपमा प्रथम पक्षको सहमति लिनु पर्नेछ ।
- दोस्रो पक्षले द्विपक्षीय सम्झौताको समयावधि समाप्त भए पश्चात उद्योगका सवारी साधन, यन्त्र उपकरण तथा भौतिक पूर्वाधारहरु सुचारु अवस्थामा नै प्रथम पक्षलाई हस्तान्त्रण गर्नु पर्नेछ ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।
- उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिदियौं/लियौं ।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

दोश्रो पक्षको तर्फबाट

दस्तखतः

नाम, थरः हरि प्रसाद काफ्ले

ठेगानाः देवचुली १५, नवलपरासी (ब.सु.पू.)

पदः अध्यक्ष

संस्थाको नाम र छापः श्री दलदले दुग्ध बिकास सहकारी संस्था लिमिटेड, देवचुली १४

प्रथम पक्षको तर्फबाट

दस्तखतः

नाम, थरः श्री मुकुन्द शर्मा

कार्यालयःदेवुचली नगरपालिका, नवलपरासी (ब.सु.पू.)

छापः

इति सम्बत् २०८१ साल जेठ महिना ०३ गते रोज ०४ शुभम्।

३) देवचुली नगरपालिका वडा नं. ४, नवसिर्जना चोकमा रहेको माटो यस कार्यालबाट स्वीकृत I.E.E. ले तोकेको परिमाणको परिधिभित्र रही १५ शैयाको देवचुली नगर अस्पताल निर्माणको लागि निर्माण कम्पनी सुनकोशी कन्सट्रक्सनलाई उपलब्ध गराउने।

४) यस कार्यालयबाट मिति २०८०/११/२१ मा सार्वजनिक निजी साझेदारीको अवधारणामा फोहोरमैला व्यवस्थापन कार्यको लागि सूचना प्रकाशित गरी बोलपत्र माग भएकोमा तोकिएको म्याद भित्र दाखिला भएका प्रस्तावहरुको मुल्याङ्कन समितिले मुल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही नदेखिएकोले अस्वीकृत गर्ने भनी मुल्याङ्कन समितिबाट प्रतिवेदन प्राप्त भई आएकोले सो प्रस्ताव रद्द गरी पुनः यस पूर्वको शर्तमा कुनै हेरफेर नगरी दोस्रो पटक का लागि सूचना आह्वान गर्ने र उक्त अवधि सम्म अल्पकालिन व्यवस्थाका लागि देवचुली नगरपालिका वडा नं. २ स्थित पूर्नवास बस्तीदेखि पूर्व तर्फ मुकुन्डे खोला उकासमा फोहोर व्यवस्थापनको लागि पूर्वधार शाखाबाट ल.ई तयार गरी आवश्यक घेराबार गरी फोहोर व्यवस्थापन कार्य तत्काल सुरु गर्ने।

५) देवचुली नगरपालिका वडा नं. ११ र १० मा नेपाल विद्युत प्राधिकरणबाट ट्रान्सफर्मर र तार उपलब्ध गराएको र सो को जडान एवं तार तान्दा लाग्ने ज्याला वापतको रकम एकमुष्ट रु २ लाख उपयुक्त शिर्षकबाट भुक्तानी दिने साथै अन्य वडा समेत सो अवस्था देखिएमा आवश्यकता अनुसार रकम भुक्तानी गर्ने।

६) देवचुली वडा नं. १५ निवासी जुना सुनार र वडा नं. ५ निवासी मान बहादुर सार्की विपन्न भएको हुनाले नगर सभावाट स्वीकृत विपन्न घर निर्माण तथा मर्मत शिर्षकको रु ५०००००/- अक्षेरुपी पाँच लाख वाट मान बहादुर सार्कीको घर निर्माण तथा मर्मतको रकम भुक्तनी गर्ने र विपन्न घर निर्माण

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

शिर्षक रु ४०००००/- अक्षेरुपी चार लाखबाट जुना सुनारको पर निर्माणको रकम भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

७) देवचुली नगरपालिका वडा नं. २ मा रहेको पुनर्वास टोलमा खानेपानी पाइप लाइन विस्तारको लागि २०८०/०३/१७ गते विब्यपुरी खानेपानी तथा सरसफाइ उ.स. सँग सम्झौता गरी २०८०/०६/३० सम्म सम्पन्न गरिसक्नु पर्ने उल्लेख भएकोमा सो अवधिमा कार्य सम्पन्न नभइ उ. स. ले २०८०/०९/३० सम्म म्याद थपको माग गरे अनुसार सोही बमोजिम म्याद थपको निर्णय अनुमोदन गरी प्राविधिक इस्टीमेट र मुल्याङ्कन अनुसारको रकम रु ६००,०००/- मात्र दिव्यपुरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति लाइ भुक्तानी दिने ।

८) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासिको व्यवस्थापनको लागि जग्गा नापजाँच सम्बन्धी कार्य भइरहेको वडाहरुको जग्गाको क्षेत्र वर्गीकरणको लागि वडा सहजिकरण समितिको निर्णय सिफारिस भई आएकोले तपसिलका क्षेत्रहरु तपसिल अनुसारको प्रकृतिमा वर्गीकरण गर्ने निर्णय गरियो ।

| वडा नं. | टोल / क्षेत्र | वर्गीकरण किसम | कैफियत |
|---|---|---|---|
| ४ | शान्तिडाँडा | कृषि | |
| | शान्तिगौरा | कृषि | |
| | नवसृजना | कृषि | |
| | इन्द्रटोल | कृषि | |
| | परानपुर | कृषि | |
| | अमरटोल | कृषि | |
| ५ | इ्वाटे | कृषि | |
| | भञ्याङ | कृषि | |
| | कदमपुर | कृषि | |
| | मृतुङ | कृषि | |
| | बन्दीपुर | कृषि | |
| | निलपोखरी | कृषि | |
| ६ | मृतुङ | कृषि | |

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरि प्रसाद न्यौपाने
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | मुन्डे | कृषि | |
| | विरौटा | कृषि | |
| | चुहार | कृषि | |
| | कृतिपुर | कृषि | |
| | नयाँछाप | कृषि | |
| | कुमसोत | कृषि | |
| | पनियोखोला | कृषि | |
| | आपचौर | कृषि | |
| | टागीकोट | कृषि | |
| १६ | नयाबजार | कृषि | |
| | वरटाडी | कृषि | |
| १७ | सातघरे | कृषि | |

९) देवचुली उद्योग वाणिज्य संघसँग साझेदारीमा कार्यक्रम संचालन शिर्षकमा आ. व २०८०/८१ मा रु १,०००,०००/- अक्षेरुपी दश लाख मात्र वजेट विनियोजन भएकोले शो शिर्षकवाट देवचुली उद्योग वाणिज्य संघको कम्पाउन्ड वाल र अन्य कार्यालय व्यवस्थापन फर्निचर मेसिनरी औजार खरिद एवम् व्यवस्थापनको लागि खर्च गर्ने गरी भुक्तानी स्वीकृत /अनुमोदन गर्ने निर्णय गरियो।

१०)सामाजिक विकास समितिबाट निर्णय भै उपमेयर सँग उद्यमशिलता कार्यक्रम अन्तरगत दर्पण ब्यूटीपार्लर एण्ड ट्रेनिङ सेन्टर, देवचुली १३ मा सञ्चालन गरिएको ४५ दिने ब्यूटीसियन तालिम सञ्चालन गर्ने सम्बन्धमा भएको निर्णाय अनुमोदन गर्ने।

११) १५ शैया अस्पताल निर्माण कार्यको निर्माण व्यवसायीबाट मिति २०८०/१२/१८ गते विविध कारण सहित १२ महिना म्याद थपका लागि माग भई आएकोले सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौं संशोधन) को नियम १२० (क) बमोजिम तोकिएको सम्पूर्ण विधि – प्रक्रिया पुरा गरी थप आर्थिक दावी नगर्ने प्रतिबद्धता सहित २०८२ ज्येष्ठ मसान्त सम्मका लागि म्याद थप गर्ने र उपभोक्ता समितिबाट सम्झौता भई कार्यान्वयन प्रक्रिया अगाडी बढेका विविध वडास्तरीय नगरस्तरीय संघीय

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तथा प्रवेश समपुरक विशेष अनुदान लगायत सम्पूर्ण योजनाहरुको २०८१ जेठ मसान्त सम्मका लागि म्याद थप गर्ने ।

१२) देवचुली नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना (२०८०-२०८९) कार्यान्वयनका लागि तयार गरिएको शिक्षाको ३ वर्षे अद्यावधिक योजना शैक्षिक सत्र २०८१ देखि नै लागू गर्ने गरी स्वीकृत गर्ने ।

१३) आगामी दोस्रो नगरसभाको पाँचौं अधिवेशन २०८१ असार ७ गते बिहान ११:०० बजे आव्हान गर्ने ।

१४) देवचुली नगरपालिका वडा नं.१० को खेलकुद पुर्वाधार निर्माण गर्ने आ.व.०८०/०८१ को बजेट किताबको सि.नं.८७५ मा खेलकुद पुर्वाधार निर्माण वडा नं.१० उल्लेख भई मिति २०८०/०९/०२ मा खेलकुद विकास समितिका अध्यक्ष अमर बहादुर घर्ती मगर र यस कार्यालय बिच सम्झौता भई कार्य अगाडि बढेको र युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार काठमाडौंको च.नं.७१६, मिति २०८०/११/०२ को पत्रबाट देवचुली नगरपालिका वडा नं.७ उल्लेख भई योजना संशोधन भएकोले उक्त कार्य दुवै तर्फ गर्न पर्ने आवश्यक देखिएकोले देवचुली नगरपालिका वडा नं.१० को खेल मैदान निर्माणका लागि भएको सम्झौताको भुक्तानी रकम रु १५ लाख आगामी नगरसभाबाट बजेट एवम् स्रोत सुनिश्चितता पश्चात गर्ने, साथै वडा नं ७ सेन्टर प्लटमा निर्माणधिन कवर्डहल निर्माणको लागी आगामी सभाबाट स्रोत एवम् बजेट सुनिश्चितता पश्चात भुक्तानी हुने गरी थप बजेट रु ६ लाख ६८ हजार व्यवस्था गरी कार्य प्रक्रिया अगाडी बढाउने ।

१५) नगरपालिकाको विपद् जोखिम न्यूनीकरण प्रतिकार्ययोजना र दोस्रो आवधिक योजना निर्माण कार्यका लागि आगामी नगरसभा बाट बजेटको व्यवस्थापन गर्ने गरी कार्य अगाडी बढाउने ।

१६) देवचुली नगरपालिका वडा नं ६ को करिब ३ विगाहा जग्गामा फोहोरमैला संकलन केन्द्र, वडा नं १६ को करिव ३-५-० जग्गा आधुनिक फोहोरमैला प्रशोधन केन्द्र र वडा नं १३ को करिव ०-६-० जग्गा औद्योगिक सुरक्षा बल सशस्त्र वेश क्याम्प रहेको सरकारी जग्गा प्राप्तिको लागि क्रमश मिति २०८०/०९/२३ र २०८०/१०/०८ गतेको कार्यपालिका बैठकबाट सरकारी जग्गा उपयोगको लागि सार्वजनिक तथा सरकारी जग्गा उपयोग सम्बन्धी कार्यनीति २०७९ अनुसार जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरिएकोमा नेपाल सरकार गृह मन्त्रालयको च.नं ३४९ मिति २०७८/१२/१३ को परिपत्र अनुसार देवचुली नगरपालिका भित्र तपसिलका जग्गाहरुलाई भू - उपयोग ऐन २०७६ को दफा ४ बमोजिम सार्वजनिक उपयोगको क्षेत्रको रुपमा वर्गीकरण गरी विपद् व्यवस्थापनको लागि प्रयोग गर्न सकिने निर्णय गरियो ।

विपदको अवस्थामा उद्दार वा व्यबस्थापनका लागि पायक पर्ने नगरपालिका भित्रका खुल्ला क्षेत्रहरुको विवरण :

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

CamScanner

| क्र.स | वडा नं | स्थान | कित्ता नं वा चार किल्ला विवरण | बाटो , खानेपानी , बिजुली बत्तिको अवस्था |
|---|---|---|---|---|
| १ | ५ | देवचुली-५ कदमपुर खेल मैदान | पू: सिसवार ८ क कि.न ४४ बुटेन<br>प :बौलाहा खोला<br>उ : जंगल<br>द: सकला बाल उद्यान | हाल खुला चौर रहेको र बाटो, खानेपानी विजुलीको व्यबस्था गर्न सकिने अवस्था रहेको |
| २ | ७ | देवचुली -७ (सेन्टर प्लट ) | देवचुली १ ग<br>कि.न २९९ | हाल खुला चौर रहेको र बाटो, खानेपानी विजुलीको व्यबस्था गर्न सकिने अवस्था रहेको |
| ३ | १० | देवचुली -१० पृथ्वीनगर खेल मैदान | पू: प्रगतिनगर ७ ख कि.न ४३८<br>प: लोकाहा खोला<br>उ: पृथ्वीनगर लोकाहा बाटो<br>द: माहाराजा सामुदायिक वन क्षेत्र | हाल खुला चौर रहेको र बाटो, खानेपानी विजुलीको व्यबस्था गर्न सकिने अवस्था रहेको |
| ४ | ११ | देवचुली -११ धारापानी खेल मैदान | प्रगतिनगर ५ क कि.न ४४ | हाल खुला चौर रहेको र बाटो, खानेपानी विजुलीको व्यबस्था गर्न सकिने अवस्था रहेको |
| ५ | १३ | देवचुली -१३ बोटेटोल खेल मैदान | पू:बौलाहा खोला<br>प: कुलो<br>उ :कुलो<br>द: बन सिमाना (मातृभुमि सामुदायिक वन) | हाल खुला चौर रहेको र बाटो, खानेपानी विजुलीको व्यबस्था गर्न सकिने अवस्था रहेको |
| ६ | १६ | देवचुली -१६ रजहर खेल मैदान | सिसवर "ग" कि.न १०१ | हाल खुला चौर रहेको र बाटो, खानेपानी विजुलीको व्यबस्था गर्न सकिने अवस्था रहेको |
| ७ | १७ | देवचुली -१७ फाराम खेल मैदान | सिसवार ४ "क" पुर्नवास<br>कि.न १६९ | हाल खुला चौर रहेको र बाटो, खानेपानी विजुलीको व्यबस्था गर्न सकिने अवस्था रहेको |

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | १२ | देवचुली (सेन्टर प्लट) | -१२ प्रागतिनगर ४ ख | कि.नं २७२,२७३, २७४, २७५, २७६ | हाल खुला चौर रहेको र बाटो खानेपानी विजुलीको व्यवस्था गर्न सकिने अवस्था रहेको। |

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

१७) नगरक्षेत्र भित्र रहेका उद्योगबाट निस्कने फोहरपानी लगायत फोहरमैलाको वैज्ञानिक व्यवस्थापन र नगरपालिकालाई वातावरणमैत्री बनाउने कार्ययोजना निर्माण गर्न वातवरण शाखा स्थापना गरी वातावरण निरीक्षकको दरवन्दी स्विकृत गर्न नगरसभामा पेश गर्ने र सि.जी. अगाडीको अव्यवस्थित पार्किङ्का सम्बन्धमा सरोकारवालासँग छलफल गरी समाधान गर्ने।

१८) स्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट आगामी आ.व.को नीति कार्यक्रम तथा बजेट तर्जुमाका सम्बन्धमा पेश भएको बजेट तर्जुमा मार्गदशर्न तथा वडागत र शाखागत बजेट सिलिङ स्वीकृत गरी सबै वडा र सम्बन्धित वडामा पठाउने।

१९) विविध

क) भू-उपयोग ऐन २०७६ तथा नियमावली २०७९ अनुसार नगर क्षेत्र भित्रका जग्गाहरूको वर्गीकरण गरी परामर्शदाताबाट पेश भएको अन्तिम प्रतिवेदन पास गरी मालपोत कार्यालय र नापी कार्यालय कावासोतीमा पठाउने।

ख) देवचुली नगरपालिका वडा नम्बर १५ स्थित कामना सिंचाई वोरिङ्ग स्यालो ट्यूवेल उपभोक्ता समितिले वडा नम्बर १५ को सिफारिस सहित संस्था दर्ताका लागि निवेदन दिएको हुँदा उक्त संस्थालाइ जलश्रोत नियमावली २०७८ को दफा ६ बमोजिम दर्ता गरी अनुसूचि २ बमोजिम उपभोक्ता संस्था दर्ता प्रमाण पत्र दिने गरी जलस्रोत समितिबाट भएको निर्णय अनुमोदन गर्ने।

ग) आर्थिक विकास समितिको विभिन्न मितिमा भएको बैठकबाट बजेट कार्यान्यवनको सम्बन्धमा बजेट बाडँफाड बाट अनुदान उपलब्ध गराउने विषयमा भएका निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

| क्षेत्र | निर्णय मिति | योजनाको नाम | बजेट सि.नं | स्विकृत बजेट | खर्च हुने बजेट रु. | बजेट स्वीकृत फर्म वा संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| आर्थिक विकाश | २०८०।१११०२ | चिलिङ सेन्टर स्थापना | ७९५ | ९६२००० | ९६२०००। | १.सकलादेवी सामाजिक महिला उद्यमी सहकारी संस्था लि. देवचुली- | ५० प्रतिशत सहकार्य मा |

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्षेत्र( पशु सेवा शाखा ) | | | | | | ३ (४ लाख ८१ हजार )<br>२.दलदले दुग्ध उत्पादक सहकारी संस्था लि देवचुली-१४ (४ लाख ८१ हजार मात्र) | |
| आर्थिक विकाश क्षेत्र( पशु सेवा शाखा ) | २०८१।१।२८ | माछा प्रवर्धन कार्यक्रम | ८२१ | ८०००००। | ८०००००| दिव्यमध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह देचवुली १ (२९ रोपनी ,७ लाख २५ हजार )<br>२. एएदिप कृषि फर्म देवचुली-१४( ३ रोपनी ,७५ हजार मात्र) | ५० प्रतिशत सहकार्य मा प्रति रोपनी रु २५००० हजारको दरले |

घ) वर्षाको समयमा हरेक वर्ष दलदले डुबानमा पर्ने अवस्था रहि आएकोले डुबानको समस्या पर्ने अवस्था रहि आएकोले डुबानको समस्या लाई नियन्त्रण गर्न हरेक वर्ष आकाश बाट लगातार पानी परिरहेको बेला टोक्रे नहर, सीताबास नहर, देउसत नहर र गैडी नहर, जुलुके घुमाउरी नहर, घुमाउरी आँपचौर जलउपभोक्ता समुह नहरको खोलामा रहेको मूल ढोका बन्द गर्न र नहरमा आउने पानी खोलातिर फर्काउनमा निम्ति असार श्रावण र भदौ तीन महिनाको लागि मासिक ५०००।- दिने गरी चैकिदार को व्यवस्था गर्न र उक्त रकम विपद् कोषबाट खर्च गर्ने ।

ङ) देवचुली नगरपालिकाको वडाहरु मर्ज सम्बन्धी नीतिगत निर्णयको कार्यन्वयनका लागि देहाय बमोजिमको कार्यदल समिति गठन गरी २०८१ मंसिर मसान्तसम्म प्रतिवेदन पेश गर्न निर्देशन गर्ने,

संयोजक- श्री हरि प्रसाद न्यौपाने, नगर प्रमुख

सदस्य- श्री पार्वता तिवारी, नगरउपप्रमुख

सदस्य- श्री तिल प्रसाद काफ्ले, नगर प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं ११

सदस्य- श्री कृष्ण बहादुर के.सी, वडा अध्यक्ष वडा नं १

सदस्य-श्री शरद प्रसाद घिमिरे, वडा अध्यक्ष वडा नं २

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सदस्य- श्री भूमिसरा आले, वडा अध्यक्ष वडा नं ७

सदस्य- श्री बलीराम सापकोटा,वडा अध्यक्ष वडा नं ९

सदस्य-श्री एकदेव पौडेल,वडा अध्यक्ष वडा नं १३

सदस्य सचिव- श्री अविनाश पन्थी, प्रशासकिय अधिकृत सातौं

च) वास योजना कार्यक्रमका लागी गणकहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाईएकोमा दैनिक ज्याला रु १००० का दरले उपलब्ध गराउने।

छ)तपसिल अनुसारको कार्यको लागि विपद् व्यवस्थापन कोषबाट बजेट व्यवस्थापन गर्ने,

- वडा नं १३ स्थित जंगल साईड रिसोर्ट को दक्षिण भागमा पर्ने वडा नं १४ मा बैलाहा खोला र वडा नं १३ र १५ जोड्ने पुलको दक्षिण तर्फ बम्बई खोलामा कटान नियन्त्रण एवम् रोकथाम - रु ५ लाख
- घुमाउरी आँपचौर नहर संरक्षण- रु ३ लाख
- मिलिजुली आधारभूत विद्यालयमा पर्खाल निर्माण- १ लाख ५० हजार
- देउसत नहरको संरक्षण- २ लाख

ज)देवचुली नगरपालीकबाट स्वीकृत माटो उत्खनन, संकलन सम्बन्धि कार्यविधि बमोजिम गठित समितिको स्थलगत अनुगमन पश्चात वडाबाट उत्खनन अनुमतिका लागि सिफारिस आएका तपसिल बमोजिम निजि जगा उत्खनन / ढुवानी अनुमति स्वीकृत गर्ने।

तपसिल

| क्र.स | जग्गा धनीको नाम | वडा नं | कित्ता नं | क्षेत्रफल | संकलन हुने पदार्थ को प्रकार | ट्रीप | संकलन हुने न्युनतम राजश्व |
|---|---|---|---|---|---|---|---|
| १ | धन बहादुर गंरजा | ५ | सा. सिसवार ८ क | ०-५-२.५-० | ढुंगा | ५० | ५३,८८० |
| २ | विमला सुबेदी | ७ | सा. प्रगतिनगर ८ क ८८१/१६७० | ०-५-५/०-०-१५ | ढुंगा | ५० | ५३,८८० |

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | मन बहादुर सेती मगर | ६ | सा देवचुली ५ क ३० | ०-५-१७ | ढुंगा | १५ | १६,१६४ |
| ४ | लाल बहादुर बाचे मगर | ७ | सा. प्रगतिनगर ८ क ७८८ | ०-५-10.५ | ढुंगा | ५० | ५३,८८० |
| ५ | जग कुमारी राना | ७ | सा. प्रगतिनगर ८ क ५७०/१०१४ | ०-२-०/०-०-10 | ढुंगा | ३० | ३२,३२८ |
| ६ | पुनम थापा | ९ | सा देवचुली ५ क ख ८०/ ४६१ | ०-७-१८/०-४-० | ढुंगा | १०० | १,०७,७६० |
| | | | | | | जम्मा | ३,१७,८९२ |

साथै साविक पिठैली ६ क कि.नं १२० को क्षेत्रफल ०-७-५-० जग्गा सम्याई विराई खेतीयोग्य बनाउन मिति २०८१।०१।१३ गते १२३६ घ.मी ढुगां संकलन गर्ने गरी इजाजत दिईएको विषयलाई अनुमोदन गर्ने।

झ) वडा नं १३ को बजेट सिलिङ बाट ९ लाख बराबरको रकम रकामान्तर गरी वडा नं १३ को बाटिका तथा नाला र सडक मर्मत संभार कार्य गर्ने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ जेठ १३ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ४९औं कार्यपालिका बैठक बस्यो।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण वहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर वहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद वाचे | सदस्य | |
| १२ | श्री वलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या वहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |
| २९ | श्री शिवलाल श्रेष्ठ | अधिकृत आठौं | |
| ३० | श्री अविनाश पन्थी | अधिकृत सातौं | |
| ३१ | श्री संगिता सापकोटा | अधिकृत छैटौं | |
| ३२ | श्री [illegible] | का.स. | |

४९ औं कार्यपालिका बैठक २०८१ जेठ १३

१. देवचुली ट्रमा सेन्टर निर्माणका लागि प्रतिवद्धता सम्बन्धमा,
२. देवचुली-१३ मा योग भवन निर्माण सिफारिस सम्बन्धमा।

१. देवचुली नगरपालिका वडा नं. १७ मा देवचुली ट्रमा सेन्टर निर्माणको लागि स्वीकृत परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन बमोजिम राष्ट्रिय वनको २ हेक्टर जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका रुख १२० गोटा, वल्लावल्ली ४४६ गोटा र लाथ्रा/विरुवा ८० गोटा गरी जम्मा ६४६ गोटा रुखविरुवा हटाउन अनुमति मागको सिफारिससाथ यस नगरपालिकाबाट फाइल पेश गरिएकोमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट वन नियमावली, २०७९ नियम ९० को उपनियम (२) बमोजिम प्रस्तावक श्री देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) सँग विभिन्न १२ वटा बुंदामा शर्तहरु पालना गर्ने प्रतिवद्धता पेश गर्न भनी २०८१/०२/११ मा वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) बाट निर्णय भइआएकोले उक्त शर्तहरुको पालना गर्न देवचुली नगरपालिका प्रतिवद्ध रहेको निर्णय गरियो।
२. देवचुली नगरपालिका वडा नं. १३ स्थित पंतजली योग वडा कार्य समिति, दलदलेबाट भवन निर्माणका लागि आवश्यक जग्गा र बजेट व्यवस्थापन का लागि माग भइआएकोले देवचुली-१३ स्थित पूर्व र उत्तरमा प्रस्तावित वन बाटिका क्षेत्र, पश्चिममा बाटो र दक्षिणमा खेल मैदान चार किल्ला रहेको करिब २ कठ्ठा जग्गा उक्त भवन निर्माणका लागि सहमति दिने र आवश्यक १ करोड ३० लाख बजेट व्यवस्थापनका निम्ति सहरी विकास तथा भवन कार्यालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई अनुरोध गर्ने निर्णय गरियो।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१/ १/१८ गते शनिबार का दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ५० औ कार्यपालिका बैठक बस्यो ।

बैठक नं. ५०

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

<u>५० औं कार्यपालिकाको बैठक २०८१ जेष्ठ १९ गते</u>

**निर्णय नं १**

यस कार्यालयबाट तयार गरिएको मुण्डे-कुमसोत सडक खण्ड (६.४२४ कि.मि.) स्तरोन्नतीका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (I.E.E) स्वीकृत गर्ने निर्णय गरियो ।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ जेठ २९ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ५१औं कार्यपालिका बैठक बस्यो।

उपस्थिती बैठक नं ५१

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | गिता |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिब | |
| २९. | श्री जिवलाल श्रेष्ठ | अधिकृत आठौं | |
| ३०. | श्री अमिताभ पन्त | अधिकृत सातौं | |
| ३१. | श्री संजिता सापकोटा | अधिकृत छैठौं | |
| ३२. | श्री बेल बहादुर थापा क्षेत्री | [illegible] | |

बैकुण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
... नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

<u>५१औं कार्यपालिका बैठक २०८१ जेठ २९;</u>

छलफलका कार्यसूची:-

१. नगर सभाको तयारी सम्वन्धमा,

२. वडा नं. १ को मुकुण्डे खोला तटबन्धन सम्वन्धमा,

३. पूर्व-पश्चिम राजमार्ग अन्तर्गत वडा नं. २ मा फुटपाथ भन्दा वाहिर नाला निर्माणका लागि लागत सहभागिता सम्वन्धमा,

४. वडा नं. १० स्थित पृथ्वी मा.वि. मा संचालन भएको मुटु परीक्षण शिविरको खर्च व्यवस्थापन सम्वन्धमा,

५. नगरपालिकाको विपद् प्रतिकार्य योजना निर्माणका लागि कारितास नेपाल सँग सहकार्य गर्ने सम्वन्धमा,

६. नयाँ साइलेज वेलर मेशिन खरिद सम्वन्धमा,

७. स्रोतान्तर एवम् स्रोत मिलान सम्वन्धमा,

८. आ.व. २०८१/०८२ का लागि नगर क्षेत्रका जग्गाहरुको लिखत रजिष्ट्रेशन प्रयोजनका लागि न्यूनतम दर सम्वन्धमा,

९. विविध:

क. सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरणका लागि वायोमेट्रिक भेरिफिकेसन डिभाइस खरिद सम्वन्धमा,

ख. पूर्ण अशक्त तथा अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय परिचय पत्र बनाउनका लागि शिविर सञ्चालन सम्वन्धमा,

नगर कार्यपालिका वैठकबाट देहायका निर्णयहरु सर्वसम्मत् गरियो ;

१. यही २०८१ असार ७ मा आह्वान गरिएको दोस्रो नगरसभाको पाँचौ अधिवेशनको तयारी गर्न आवश्कता अनुसार नियमित कार्यालय समय बाहेक अन्य समयमा समेत कार्य गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहायका कर्मचारी रहने गरी नगर सभा तयारी समिति वनाई कार्य सम्पादन गर्ने;

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ... 
नगर प्रमुख

श्री जीवलाल श्रेष्ठ — योजना शाखा प्रमुख
श्री नरायण ढकाल — लेखा अधिकृत
श्री अविनाश पन्थी — प्रशासकीय अधिकृत
श्री शिव सापकोटा — आर्थिक विकास शाखा प्रमुख
ई. टिकाराम बस्याल — पूर्वाधार शाखा प्रमुख
श्री नन्दलाल ढकाल — शिक्षा अधिकृत
श्री संगीता पौडेल सापकोटा — अधिकृतस्तर छैटौं
श्री सन्दिप न्यौपाने — एमआइएस अपरेटर
श्री सागर न्यौपाने — नगर प्रमुख सचिवालय

२. आ.व. २०७९/०८० मा भुक्तानी दिन बाँकी दायित्वहरु शिर्षकमा रहेको बजेटबाट रु ८ लाख वडा नं. १ को मुकुण्डे खोला तटबन्धन योजनाका लागि रकमान्तर गर्ने।
३. पूर्व-पश्चिम राजमार्ग अन्तर्गत वडा नं. २ मा सडक परियोजनाबाट कतिपय कल्भर्ट नक्शाको कुलो नभएको स्थानमा निर्माण गरिएकोले वर्षात्को भेल व्यक्ति विशेषको घरमा पस्ने र बस्ती नै डुवानमा पर्न सक्ने समस्याका विषयमा नारायणगढ-बुटवल सडक आयोजना कार्यालयमा वडा कार्यालयले पत्राचार गरेकोमा सो पत्र प्राप्त भए पश्चात आयोजनाबाट अनुगमन हुँदा विश्वबन्धु न्यौपानेको घरदेखि करकदाहा खोल्सीसम्म सडकको फुटपाथ भन्दा बाहिरबाट नाला निर्माण गर्नुपर्ने देखिएको साथै उक्त नाला सडक आयोजनाले पूर्ण लागतमा निर्माण गर्न असमर्थ रहेको भनि नगरपालिकाको लागत सहभागिताको प्रतिवद्धता माग गरेको। यसका लागि वडा नं. २ बाट बजेट समेत बिनियोजन भएको र स्थानीय उद्योगले पनि लागत सहभागिताको प्रतिवद्धता व्यक्त गरेको भनि वडा कार्यालयबाट लागत अनुमान संलग्न गरी लागत सहभागिताको प्रतिवद्धता सहित पत्राचार गर्नका लागि निवेदन प्राप्त भएकोमा सोही बमोजिम नारायणगढ-बुटवल सडक आयोजनालाई पत्राचार गर्ने।
४. देवचुली नगरपालिकाको समन्वय र शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको आयोजनामा वडा नं. १० स्थित पृथ्वी मा.वि. मा २०८१/०२/२८ मा संचालन भएको मुटु परीक्षण शिविरमा ४९६ जनाले सेवा लिनु भएको छ। उक्त शिविरको व्यवस्थापनका लागि भएको खर्च रु ८०,०००।— (असी हजार रुपैयाँ मात्र) कार्यक्रम सञ्चालन खर्च शिर्षकबाट भुक्तानी गर्ने।
५. नगरपालिकाको विपद् प्रतिकार्य योजना कारितास नेपालसँगको सहकार्य/साझेदारीमा निर्माण गर्ने प्रयोजनका लागि MOU गर्नुपर्ने भएमा सम्झौता गरी निर्माण कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

६. देवचुली नगरपालिकाको साइलेज उद्योगमा साइलेज उत्पादनका लागि तयार भएको मकैको चाप अत्यधिक रहेको र उपलब्ध एउटा मात्र वेलर मेशिनले माग अनुसारको उत्पादन गर्न नसक्ने हुँदा चालु आ.व. को पशु विकास कार्यक्रम तर्फ बजेट शिर्षक नं. ३३५ मा विनियोजन भएको रकम रु ३० लाख मध्ये वाट आवश्यक थप एउटा साइलेज वेलर मेशिन खरिद गर्ने।

७. आ.व. २०८०/०८१ को लागि विनियोजित बजेट सीमा र खर्च शिर्षकमा कुनै फरक नपर्ने गरी एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर एवम् स्रोत मिलान गर्ने अख्तियारी कार्यालयलाई दिने।

८. आगामी आ.व. २०८१/०८२ का लागि जग्गाको लिखत रजिष्ट्रेशन गर्ने प्रयोजनका लागि यस नगर क्षेत्रभित्र रहेका जग्गाहरुको न्यूनतम मूल्याङ्कन चालु आ.व. २०८०/०८१ को दररेट कायम गर्ने। साथै प्रगतिनगर ९ ग अन्तर्गत भित्री पिच वाटो थप गरी न्यूनतम मूल्याङ्कन प्रति कठ्ठा रु ८ लाख ७५ हजार कायम गर्ने।

९. विविधः

क. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र उपयोग गर्ने व्यवस्था भए बमोजिम आ.व. २०८१/०८२ मा वायोमेट्रिक भेरिफिकेशन का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको पहिचान गर्न स्पेसिफिकेशन बमोजिमका वायोमेट्रिक स्क्यानर डिभाइसको व्यवस्थापन स्थानीय तहवाटै गर्नुपर्ने भनी नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको निर्देशन भएकोले चालु आ.व. मा सबै वडा कार्यालय र नगरपालिका कार्यालय गरी कम्तिमा २० वटा डिभाईसहरु खरीद गर्न आगामी नगर सभाबाट बजेटको व्यवस्थापन गर्ने गरी आवश्यक प्रक्रिया अगाडी वढाउने।

ख. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको आ.व.२०८१/०८२ मा भत्ता परिचयपत्र नवीकरण गर्दा अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर प्रणालीमा प्रविष्टि गर्नुपर्ने भएकोले यस देवचुली नगरपालिकामा रहेका अति अशक्त एवम् पूर्ण अपाङ्गता भएका व्यक्ति (हिंडडुल गर्न नसक्ने) हरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुका लागि राष्ट्रिय परिचयपत्र बनाउन नगरपालिकामा शिविर सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख